**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**<u>फैसला</u>**

२०७९।०८० सालको निर्णय नं. ३४५

पुनरावेदन नं. ०७६-RB-०२१९

पुनरावेदन मितिः-२०७६।१२।०५

**<u>मुद्दाः- आयकर (२०६९/०७०)।</u>**

| | |
|---|---|
| का.जि.का.म.न.पा.वडा नं.१ हाल वडा नं.२९ केशरमहल, लैनचौर स्थित नेपाल एस.वि.आई बैंक लिमिटेडका तर्फबाट अख्तियारप्राप्त ऐ.का प्रबन्ध संचालक अनुकुल भट्नागर.......................................................................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं.........................................१<br>ठूला करदाता कार्यालय,ललितपुर.............................................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः-ठूला करदाता कार्यालय,ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री बलराम रिज्याल

शुरु कार्यालयको निर्णय मितिः-२०७३।११।२६

**<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं
निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री विनोद बहादुर कुँवर
निर्णय मिति : २०७६।०८।२२

<u>उपस्थित कानून व्यवसायीहरु</u>
पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री राजु शाक्य
प्रत्यर्थी कार्यालयका तर्फबाट :विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**<u>अविलम्बित नजीरः</u>** ठूला करदाता कार्यालय विरुद्ध किष्ट बैंक लिमिटेड ०७३-RB-०१४६ मुद्दा आयकर फैसलाः २०७४।०७।१४

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६।०८।२२ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. करदाता नेपाल एस.बि.आई बैंक लिमिटेडले आ.व. २०६९/०७० को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.१,२१,५२,५७,९५३।—(अक्षेरुपी एक अर्ब एकाईस करोड बाउन्न लाख सन्ताउन्न हजार नौ सय त्रिपन्न रुपैया मात्र) देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७०।०९।१६ मा विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०६९।०७० को पूर्ण कर परीक्षणको सिलसिलामा करदाताबाट पेश हुन आएको तथा आय विवरणसाथ संलग्न कागजात, फाँटबारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७३।११।०१ मा जारी भएको सुचना ।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३।११।०१ मा जारी भएको सूचना करदाताले मिति २०७३।११।०९ मा बुझीलिई सोको जवाफ मिति २०७३।११।२२ मा पेश गरेको ।

४. करदाताको आ.व.२०६९/०७० का लागि रु.१,२३,२५,६१,२१८।७५ (अक्षेरुपी एक अर्ब तेईस करोड पच्चीस लाख एकसठ्ठी हजार दुई सय अठार रुपैया पचहत्तर पैसा मात्र) करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३।११।२६ मा भएको निर्णय ।

५. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७३।११।२६ मा जारी गरेको आ.व. २०६९/०७० को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता नेपाल एस.बि.आई बैंक लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४।०२।०९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३।११।२६ मा भएको निर्णय कानून सम्मत देखिँदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०८।२२ मा भएको निर्णय।

७. करदाताको आ.व.२०६९।०७० को कर परीक्षण गरी आयकर तर्फ विकास ऋणतर्फको **Amortized Expenses** रु.१,१८,४०,६९९।५३ लाई आयमा समावेश गरेको, स्थिर सम्पत्ति समूह "ख" मा बढी ह्रास खर्च कट्टी दावी गरेको भनी उक्त खर्चलाई अमान्य गर्ने गरी ठूला करदाता कार्यालयबाट संशोधित कर निर्धारण निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय त्रुटीपूर्ण भएकोले बदर गरी पाँउ भन्ने समेत वेहोराको पुनरावेदक करदाताले यस न्यायाधिकरणमा मिति २०७६।१२।०५ मा दायर गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।०९।१७ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता नेपाल एस. बि.आई बैंक लिमिटेड तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री राजु शाक्यले ठूला करदाता कार्यालयबाट भएको करदाताको आ.व. २०६९।०७० को संशोधित कर निर्धारणको आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको नहुँदा बदर हुनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश तथा सोही आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश र उक्त आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा, पहिलो पुनरावेदन जिकिर, करदाताले Bond premium वापत दावी गरेको रकमको खर्च समायोजन अमान्य गरेको सम्बन्धमा रहेको देखिन्छ। करदाताले Development Bond को आयबाट प्रिमियम वापत तिरेको रकम मध्ये यस आ.ब.मा रु.१,१८,४०,६९९।५३ आम्दानीबाट घटाई (Amortised) आम्दानी लेखांकन गरेको देखिन्छ। करदाताले खरिद गरेको Development Bond व्यवसायिक सम्पत्ती रहेको र यस्तो विकास ऋणपत्रको Bond premium रकम आयकर ऐन २०५८ को दफा २ (कट) अनुसारको व्यवसायिक सम्पत्ती हुनेमा कुनै द्विविधा रहेको समेत देखिदैन। सोही ऐनको दफा ३८ को उपदफा (१) ले कुनै व्यावसायिक सम्पत्ति प्राप्त गर्दा लागेको खर्च लगायत त्यस्तो सम्पत्तिको स्वामित्व लिंदा स्वामित्व लिने व्यक्तिले गरेका सम्पूर्ण खर्चहरु त्यस्तो सम्पत्ति बापतको खर्चमा समावेश हुने स्पष्ट व्यवस्था गरेको छ। यसबाट कुनै सम्पत्ति प्राप्त गर्दा बेहोरेका सम्पूर्ण खर्चहरु सो सम्पत्तिको लागतमा समावेश गरिनुपर्छ भन्ने बुझ्नुपर्दछ। विकास ऋणपत्रको खरिद गर्दा कति रकम तिरेको हो सो खर्च आयकर ऐन, २०५८ बमोजिम व्यवसायिक सम्पत्ती खरिद अन्तर्गत लेखांकन गर्नु पर्ने कर्तव्य करदाताको

रहेकोमा द्विविधा देखिदैन। यस्तो सम्पत्ति पछि निसर्ग हुँदा प्राप्त हुने आयमा खर्च कट्टी गरी नाफा वा नोक्सान जे हुन्छ सोही बमोजिम आय जनाउने वा खर्च लेख्ने गर्नुपर्दछ। निवेदकले तिरेको प्रिमियम रकम विकास ऋणपत्र प्राप्त गर्दा लागेको खर्च रहेको र आय आर्जनसँग सम्बन्धित खर्च नरहेको अबस्थामा उक्त खर्च आयकर ऐन, २०५८ को दफा १३ बमोजिम कट्टी गर्न नपाउनेमा करदाताले Development Bond को आयबाट प्रिमियम वापत तिरेको रकम Amortise गरी खर्च घटाई समायोजन गरेको कारणबाट कम हुन गएको रकम रु.१,१८,४०,६९९।५३ आयकर ऐन २०५८ को दफा ७ (२) (छ) बमोजिम आयमा समावेश गर्नु पर्ने ठहर गरी ठुला करदाता कार्यालय, ललितपुरबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेकै देखियो।

१३. पुनरावेदक करदाताको अन्तिम पुनरावेदन जिकिर तर्फ हेर्दा, संशोधित कर निर्धारण गर्दा ठूला करदाता कार्यालयबाट ATM, Locker, Generator आदिलाई वर्ग "ख" बाट "घ" मा राखी ह्रास खर्च कट्टी गणना गर्ने गरी भएको अन्तिम कर निर्धारणको आदेश कानूनसम्मत नरहेको भनी चुनौती दिएको देखियो। ATM Machine, Generator, Locker जस्ता सम्पत्ति व्यवसायको लागि आधारभूत सम्पत्ति भएकाले सम्पत्ति समूह 'घ' मा पर्ने भनी समूह 'ख' बाट हटाएर समूह 'घ' मा ह्रास आधार कायम गरी कर निर्धारण गरेकोमा उक्त सम्पत्तिहरु समूह 'ख' मा पर्ने भनी पुनरावेदकले जिकीर लिएको देखिन्छ। अब ATM Machine, Generator, Locker कुन सम्पत्ति समूहमा पर्दछ भनी विचार गर्दा कार्यालयमा अत्याधिक मात्रामा उपयोगमा आउने र बैंकको नियमित र दैनिक कार्यमा प्रयोग हुने यस्ता वस्तुहरु कार्यालय उपकरणहरु ह्रासयोग्य सम्पत्तिहरुको विशेषता अनुकून नै 'ख' वर्गमा पर्ने देखिन्छ। आयकर ऐन, २०५८ को अनुसूची-२ को दफा १ को उपदफा (१) को खण्ड (ख) मा कम्प्यूटर तथ्याङ्क केलाउने उपकरण, फर्निचर, फिक्स्चर र कार्यालय उपकरणहरू भन्ने उल्लेख भएको र खण्ड (घ) मा निर्माण तथा उत्खनन् सम्बन्धी उपकरणहरू भन्ने उल्लेख भएको देखियो। ATM Machine, Generator, Locker निर्माण तथा उत्खनन् सम्बन्धी उपकरण नभई बैंकको कार्यालय उपकरण नै रहेकोमा विवाद रहेन। यही प्रश्न समावेश मुद्दामा श्री सर्वोच्च अदालतबाट बैंकका यस किसिमका ATM Machine, Generator, Locker लगायतका सम्पत्तिहरु समूह 'ख' मा पर्ने भनी फैसला भएको देखिन्छ।[1]उक्त फैसला समेतको आधारमा पुनरावेदकका सोही किसिमका 'ख' वर्गमा पर्ने

[1]पुनरावेदक किष्ट बैंक लिमिटेड विरुद्ध ठूला करदाता कार्यालय समेत भएको मुद्धा नं. ०७३-RB-०१४६, फैसला मिति २०७४।०७।१४

ह्रासयोग्य सम्पत्तिलाई 'घ' वर्गमा राखी ह्रास कट्टि अमान्य गरेको हदसम्मको शुरुको निर्णय मिलेको देखिएन। यस्तो अबस्थामा करदातालाई आ.व. ०६८/६९ मा संशोधित कर निर्धारण गर्दा कायम गरेको Revised Depreciation Chart बमोजिम समूह 'ख' मा रु.३,८०,५८,०२८।२७ मात्र ह्रास खर्च कट्टी गर्न सक्ने देखियो भनी ठूला करदाता कार्यालयबाट भएको ह्रास खर्च कट्टी सम्बन्धी भएको निर्णय मिलेको नदेखिँदा उल्टी हुने देखियो। अब आयकर ऐन,२०५८ को दफा १९ बमोजिम ह्रास खर्च कट्टी सम्बन्धमा पुनः निर्णय गर्नुपर्ने देखिएकोले प्रस्तुत मुद्दाको मिसिल ठूला करदाता कार्यालय ललितपुरमा पठाउन उपयुक्त हुने देखिन आयो।

१४. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट करदाता नेपाल एस.बि.आई.बैंक लिमिटेड (स्थायी लेखा नं. ३००३२३००३) को आ.व.२०६९।०७० को संशोधित कर निर्धारण गर्दा ठूला करदाता कार्यालयले ह्रास खर्च अमान्य गरेको मिति २०७३।११।२६ को निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।८।२२ मा भएको निर्णय समेत सो शीर्षकको हकमा मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ।उक्त शीर्षकमा पुनः संशोधित कर निर्धारण गरिदिनु भनि फाइल ठूला करदाता कार्यालयमा पठाईदिनू।विकास ऋणपत्रको **Amortized Expenses** को हकमा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरुमा तपसिल बमोजिम गर्नू।

## <u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाता नेपाल एस.बि.आई.बैंक लिमिटेडको आ.व. २०६९/०८० को संशोधित कर निर्धारण गर्दा ह्रास खर्च अमान्य गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०८।२२ मा भएको निर्णय समेत सो हदसम्म बदर भई केही उल्टी हुने र सो शीर्षकमा ठुला करदाता कार्यालयले पुनः सशोधित कर निर्धारण गर्नुपर्ने ठहरेकोले सो शीर्षकमा पुनः सशोधित कर निर्धारण गर्न शुरु मिसिल समेत ठुला करदाता कार्यालय ललितपुरमा लेखी पठाईदिनू।
२. फैसलाको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई पठाईदिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
५. प्रस्तुत मुद्दाको रेकर्ड मिसिल यस न्यायाधिकरणको अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलास अधिकृतः सनिता लामा
ना.सु.: मनिषा अधिकारी
फैसला मितिः२०८०।१।५।३
प्रमाणिकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणित मितिः

राजस्व न्यायाधिकरण काठमाण्डौ, मुकाम ललितपुरको छाप